# शिवसताक्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

व्याङ्गडाँडा, झापा

कोशी प्रदेश

## शिवसताक्षी नगरपालिका कार्यालयको "कनकाई माई धार्मिक मकर मेला व्यवस्थापन" ठेक्का सम्बन्धी सूचना

### प्रकाशित २०८०/०९/०४

यस नगरपालिकाको मिति २०८० ०८ २९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार यस पटक पनि २०८०/०९/२८ गते देखि मिति २०८० १० ०२ गते सम्म कनकाई माई धार्मिक मकर मेला ठेक्का सम्झौताद्वारा लगाइने निर्णय भएको हुँदा ठेक्का लिन चाहने फर्महरुले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न बमोजिमको शर्तबन्देजमा रही शिलबन्दी प्रस्ताव खरिद गरी शिलबन्दी प्रस्ताव पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.न. | आय ठेक्का नं | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक भ्याट सहित | फाराम दस्तुर | फाराम बिक्री हुने अन्तिम मिति र स्थान | फाराम पेश गर्नु पर्ने अन्तिम मिति, समय र स्थान | फाराम खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | 18.080/81 | कनकाई माई धार्मिक मकर मेला | ६,००,०००/- (छ लाख मात्र) | १,०००/- | २०८० ०९ १० गते कार्यालय समय भित्र शिवसताक्षी नगरपालिकाको कार्यालय | २०८०/०९/११ गते दिनको १२:०० बजे भित्र नगरपालिकाको कार्यालय | २०७९/०९/११ गते दिनको २:०० बजे नगरपालिकाको कार्यालय |

**शर्तहरु -**

१. शिलबन्दी दरभाउपत्र खरिदका लागि यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको ३१४००१०००००१२८ GA1-1 खातामा जम्मा गरी वा नगदै राखि फिर्ता नहुने गरी शिलबन्दी प्रस्ताव खरिद गर्नुपर्ने छ ।

२. फर्मको स्थायी लेखा नं. वा मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८० ८१ को मान्य अवधि भएको नविकरण इजाजत पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०७९ ८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित शिलबन्दी दरभाउपत्र सहित पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र पेश गर्दा कानुनी रुपमा भाग लिन पाउने सहितको स्वघोषणा पत्र वा अधिकार प्रत्यायोजनको पत्र समावेश हुनु पर्नेछ ।

४. दरभाउपत्र प्रस्तावसाथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी बापत यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको धरौटी खाता नं ३१४००१००००१६१ GA3 मा जम्मा भएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

५. ठेक्का सम्बन्धी कुनै दस्तुर नेपाल सरकारलाई बुझाउनु पर्ने ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

६. दरभाउपत्र खोल्ने दिन दरभाउपत्र दाता वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ, उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७. ठेक्का बक्यौता भएका व्यक्तिले दरभाउ पत्र पेश गर्न पाउने छैन ।

८. मेला लाग्ने जग्गाको व्यवस्थापन ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

९. मेलामा बिजुली बत्तीको व्यवस्थापन खर्च, शान्ति सुरक्षाकर्मीहरुलाई खाना र आवासको व्यावस्थापन २०८० ०९ २८ बेलुका देखि २०८० १० ०२ गते बेलुका सम्मको खर्च, कम्तिमा ४ वटा सि.सि. क्यामेराको जडान खर्च साथै कनकाई माई खोलामा शिवसताक्षी न.पा. क्षेत्र पट्टि पानी बगेको स्थान (कनकाई पुल छेउ) मा १ (एक) वटा बाँसे पुल निर्माण खर्च सम्बन्धित मेला ठेकेदार आफैले व्यहोर्नु पर्नेछ ।

१०. बुँदा नं. ९ को कार्य (मेलामा बिजुली बत्तीको व्यवस्थापन, कम्तिमा ४ वटा सि.सि. क्यामेरा जडान,बाँसे पुल निर्माण) को लागि ठेकेदारले अग्रीम रु १,५०,०००/- (एक लाख पचास हजार मात्र) धरौटी बापत शिवसताक्षी नगरपालिका कार्यालयको मेगा बैंक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको धरौटी खाता नं. ३१४००१००००१६१ GA3 मा जम्मा गर्नु पर्ने छ । साथै ठेकेदारलाई सो कार्य सम्पन्न गरे पछि धरौटी बापतको रकम फिर्ता गरिने छ । उक्त कार्य नगरे सोहि धरौटी रकमबाट नगरपालिका आफैले सो कार्य गरिने छ । उक्त कार्य मिति २०८० ०९ २७ गते अनिवार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

११. मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक खर्चहरु ठेकेदार आफैले व्यहोर्नु पर्नेछ ।

१२. ठेक्का बापतको रकम [illegible] अग्रीम बुझाउनु पर्नेछ ।

१३. मेलाको अवधि २०८० ०९ २८ गते देखि २०८० १० ०२ गते राती १०:०० बजे सम्म रहने छ ।

१४. म्याद नाघि आएको दरभाउ पत्रहरुलाई समावेश गरिने छैन ।

१५. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहने छ ।

१६. जुवा तास [illegible] खेल सञ्चालन गर्न, प्रचलित कानूनले निषेध गरेका कार्य तथा गतिविधि गर्न पाइने छैन ।

१७. स्वीकृत ठेकेदारले आफुले कबोल गरेको ठेक्का अंक बराबरको रकम शिवसताक्षी नगरपालिका कार्यालयमा आई नगदी रसिद काटी वा यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड शिवसताक्षी शाखामा रहेको ३१४००१०००००१२८ GA1-1 खातामा जम्मा गरेको सक्कल रसिद वा भौचर पेश गरेपछि मात्र ठेक्का सञ्चालनको इजाजत दिइने छ । सो नबुझाएमा ठेक्का धरौटी बापतको रकम जफत गरी ऐन नियम बमोजिम हुनेछ ।

१८. मेलामा उठाइने पार्किङ शुल्क तथा वहाल विटौरी शुल्क यस नगरपालिकाको आ.व. ०८० ८१ को नीति, कार्यक्रम तथा बजेटमा तोकेको दररेट बमोजिम मात्र सङ्कलन गर्न पाइने छ ।

१९. माथि उल्लेखित बाहेकका विषयमा प्रचलित कानून वा नगरपालिकाको निर्णय अनुसार हुने छ ।

२०. यसमा उल्लेख हुन छुट भएका कुराको हकमा नगरपालिका तथा मेला सञ्चालन नीति बमोजिम हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत